# मानव अधिकार परिचय प्रशिक्षण सामाग्री
# Introduction of human Rights: a Teaching Tool

२००३


HUMAN मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च
RIGHTS AND DEMOCRATIC FORUM

Radhe Marga, Dillibazar, Kathmandu
Postal Address: P.O. Box 19186, Kathmandu, Nepal
Tel: +977-1-44 23 125, Fax: +977-1-44 38 812
E-mail: fohrid@wlink.com.np
Website: www.fohrid.org.np,
www.fohridnetwork.org

# प्रथम खण्ड

## १. मानव अधिकारको अर्थ

संक्षेपमा हेर्ने हो भने मानव अधिकारलाई प्राकृतिक अधिकार, मौलिक अधिकार, कानूनी अधिकार, नैसर्गिक अधिकार भनी जे जसरी नामाकरण गर्ने गरिए तापनि मानव अधिकारको अर्थ खोज्दा मूलभूत रूपमा मानवीय मूल्य र मर्यादा (human dignigy) को तत्त्वलाई केन्द्रविन्दुको रूपमा लिनुपर्ने हुन्छ । अर्को शब्दमा भन्ने हो भने मानवलाई मानवीय मर्यादामा बाँच्नको लागि चाहिने अधिकार नै मानव अधिकार हो ।

अतः मानव अधिकार भन्नाले मानवलाई मानव भएर बाँच्नको लागि चाहिने न्यूनतम अधारभूत अधिकारहरूको समष्टिगत रूप हो भन्ने बुझिन्छ । यी अधिकारहरू सर्वमान्य, जन्मसिद्ध, नैसर्गिक, अविभाज्य तथा अपरिहार्य अधिकारहरू हन् । कुनै व्यक्ति विशेषको खोजको उपज होइनन् । यी अधिकारहरू विल अफ राईट्स, अमेरिकी स्वतन्त्रता आन्लदोलन, फ्रान्सेली क्रान्ती जस्ता मुख्य ऐतिहासिक घटनाक्रमबाट विकसित हुँदै आई संयुक्त राष्ट्र संघको बडापत्रमा स्वीकृत तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा प्रतिविम्बित हुन पुगेका मानवका आवश्यक मात्र नभै अपरीहार्य अधिकार हुन् ।

**विश्वव्यापी:** मानव अधिकारलाई कुनै राष्ट्र वा क्षेत्रीयताको घेराभित्र, कुनै जाती, भाषा, धर्म, लिङ्ग र रंग विशेषमा सिमित गर्न सकिँदैन । यो मानव सभ्यता र संस्कृतिको विकाशको लागि अपरीहार्य र सर्वव्यापी छ र विश्वभरि नै यसको एकै प्रकारको मान्यता र सिद्धान्त अनुरूप अनुशरण र कार्यान्वयन हुनु पर्दछ ।

**अबिभाज्य:** मानव अधिकारलाई वर्ग विशेषको आधारमा विभाजन गर्न सकिँदैन । कतिपय राष्ट्रहरूमा नागरिक र राजनैतिक अधिकार भए आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार विस्तारै आफै प्राप्त हुँदै जाने कुरा हो भन्ने मान्यता अघि सारिन्छ । त्यस्तै कतिपय राष्ट्रहरूमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार पहिलो आवश्यकता हो नागरिक राजनैतिक अधिकार दोस्रो हो भन्ने मान्यता अघि सारिन्छ । वास्तवमा एउटा बिना अर्को अधिकार पूर्ण हुन सक्दैन त्यसैले दुवैलाई एक अर्कोबाट विभाजन गर्न मिल्दैन । धर्म र साँस्कृतिलाई आधार मानेर आ-आफ्नो ढङ्गबाट मानव अधिकारको परिभाषा गर्न मिल्दैन ।

**अन्तरनिर्भर:** मानव अधिकारका सबै पक्ष अन्तरनिहित हुन्छन् । मानव अधिकार एक पक्षिय मात्र हुँदैन अर्थात् एउटा पक्ष विशेष र अर्को पक्ष गौण हुँदैन । मानव अधिकारमा सबै पक्षको समान महत्त्व र अन्तर सम्बन्ध चाहे त्यो जुनसुकै जाती, भाषा, धर्म, लिङ्ग, वर्णसँग सम्बन्धित समुदाय नै किन नहुन् । यी सबेको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ– जस्तै नङ र मासु ।

## २. मानव अधिकारको प्रकृति

डिसेम्बर १९४८ मा ग्रहण गरिएको मानव अधिकारको विश्वव्यापी घोषणाको प्रस्तावनामा मानव परिवारका सबै सदस्यहरूका अन्तरनिहित मर्यादा तथा समान तथा अपरीहार्य अधिकारको स्वीकृति नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको जग भएको कुरालाई जोड दिइएको छ ।

अधिकारलाई विभिन्न स्रोतहरू– धार्मिक, मानिसको प्रकृति वा समाजको प्रकृतिबाट निःसृत भएको रूपमा हेर्न सकिन्छ । प्राकृतिक कानून सम्बन्धी सिद्धान्त अनुसार हेर्दा केही अधिकारहरू मानव निर्भित कानून भन्दा उच्च रूपमा रहेको कारणले विद्यमान भएको मानिन्छ । त्यस्तो उच्च कानूनले सबै मानव जातिलाई शासन गर्ने सिद्धान्तहरूको सर्वव्यापी तथा पूर्ण समूहको सिर्जना गर्छ । मूल रूपमा जोन लकको विचारधारासँग सम्बन्धित सत्रौं शताब्दीको प्राकृतिक अधिकार

उपागमले त्यस्ता अहरणीय अधिकारको विद्यमानतालाई सामाजिक करार अन्तरगत जीवन, स्वन्त्रता तथा सम्पत्ति सम्बन्धी अधिकारको रूपमा लिएको थियो ।

वर्तमानमा आएर नीति उन्मुख आन्दोलनले उल्लेख्य योगदान दिएको छ । सो आन्दोलनले मानव अधिकारको सिर्जना र उपकरण एवम् प्रक्रियाका विविध सम्बद्ध तत्त्व एवम् पक्षहरूको पहिचान, फलस्वरूप आठवटा अन्तरर्भिर मूल्य (values) को पहिचान गरिएको छ । ती मूल्यहरू हुन् आदर सम्बन्धी माग, शक्ति, ज्ञानोद्दीपन (enlightment), कल्याण (well-being), स्वास्थ्य, सीप, ममता यी मूल्यहरूका सम्बन्धमा तथा मूल्यहरूको प्रजातान्त्रिक वितरण गरिने विश्व समुदायको अन्तिम लक्ष्यका सम्बन्धमा मानवीय मर्यादा (human dignigy) लाई मूल (key) अवधारणाको रूपमा हेरिएको दृष्टिकोणमा पनि मतभेद रहेको पाईन्छ । पश्चिमी विश्वबाट ग्रहण गरिएको विचारले सामान्यतयाः व्यक्तिका आधारभूत नागरिक तथा राजनीतिक अधिकारहरूमा जोड दिन्छ । अर्को शब्दमा भन्ने हो भने सरकारको शासीत उपरका शक्तिलाई सीमित गर्ने खालका अधिकारहरूमा जोड दिन्छ । त्यस्ता अधिकारहरूमा कानूनको उचीत प्रकृया, वाक तथा अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, सरकारको प्रकृयामा सहभागिता आदि समावेश हुन्छन् । यस प्रकृयामा शासीतको सहमति (consent) कोशे ढुंगाको रूपमा हेरिन्छ ।

जी टुनकिनले "Theory of International Law" नामक पुस्तकमा अन्तर्राष्ट्रिय कानूनमा मानव अधिकारलाई सम्मान गर्नुपर्ने सिद्धान्तलाई सारतः निम्न लिखित तीन कुरामा उल्लेख गर्न सकिने बताएका छन्ः-

१. सबै राज्यहरूको इलाकाहरूमा सबै व्यक्तिहरूको मौलिक अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गर्नुपर्ने दायित्व छ,
२. राज्यहरूको लिङ्ग, जात, धर्म वा भाषाको आधारमा भेदभाव हुन नदिने कर्तव्य छ र
३. राज्यहरूको मानव अधिकार प्रतिकाम विश्वव्यापी (universal) सम्मान प्रवर्द्धन गर्ने र सो उद्देश्य प्राप्तिका लागि एक अर्कालाई सहयोग गर्ने कर्तव्य छ ।

तथापी १९८० दशकको अन्त्यतिर आईपुग्दा नपुग्दै अन्तर्राष्ट्रिय मानव अधिकारको प्रकृयामा एउटा नयाँ उपागमको उत्पत्ति भयो । यस उपागम अनुसार अन्तर्राष्ट्रिय सुरक्षाको व्यापक प्रणालीको एउटा महत्त्वपूर्ण तत्त्व मानव अधिकार कृयाकलाप भएको व्यक्तिको भूमिका प्राथमिक भएको कुरामा जोड दिइयो ।

यसै अवधारणा अनुसार नागरिक तथा राजनीतिक अधिकारलाई प्रथम पुस्ताको मानव अधिकार (first generation of human rights) बाट पुकारिन थालिएको हो । सोभियत धारणा अनुसार मानव अधिकार निरपेक्ष कुरा नभै सापेक्ष कुराहरू हुन् । केन्द्रविन्दू त राज्य नै हो भनियो । यसै अवधारणा अनुसार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई दोस्रो पुस्ताका मानव अधिकार (second generation of human rights) को संज्ञा दिईएको हो । तेस्रो विश्वको अवधारणामा राज्यको सार्वभौम सत्तालाई उच्च स्थानमा राख्दै आर्थिक तथा सामाजिक परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षण गर्ने मान्यता राखिएको हुँदा विकास सम्बन्धी अधिकार जस्ता अधिकारालई तेस्रो पुस्ताका मानव अधिकार (third generation of human rights) को संज्ञा दिइएको हो ।

जेहोस् मानव अधिकारका सम्बन्धमा जे जस्ता अवधारणाको विकास हुँदै आएको भए तापनि मानव नै मानव अधिकारको केन्द्रविन्दू हो । मानव भएको नाताले मानिसलाई स्वतः प्राप्त हुने अन्तरनिहित एवम् नैसर्गिक अधिकार नै मानव अधिकार हुन् । मानव अधिकारहरू यस अर्थमा अन्तरनिहित अधिकारहरू हुन् कि यिनीहरू सबै मानव व्यक्तिको जन्मसिद्ध अधिकार हुन् र जनताहरूले यी अधिकारहरूलाई विसुद्ध मानवताको कारणले प्रयोग गर्छन् न कि शासक वर्गको कृपाको कारणले । मानव अधिकारहरू यस अर्थमा अभेद्य छन् कि जनताले यी अधिकारहरू आफूखुशी त्याग गर्न सहमत हुन सक्दैनन् वा आफूबाट ती अधिकारहरू अपहरित गाउने गरी

समर्पित हुन सक्दैनन् । मानव अधिकारहरू यस अर्थमा विश्वव्यापी छन् कि तिनीहरु कुनै खास व्यक्ति वा नागरिक वा अल्पसंख्यक जातिको हकमा मात्र नभै राष्ट्रियता, हैसियत, लिंग, वर्ण, जात, जाति आदि कुनै पनि कुराको भेदभाव विना सम्पूर्ण मानव व्यक्तिहरूका हकमा लागू हुन्छन् ।

## ३. मानव अधिकारको ऐतिहासिक विकास

मानव अधिकारको ऐतिहासिक विकास कुन रूपमा हुँदै आयो भन्ने कुरालाई देहाय बमोजिमको चरणमा विभाजन गरी चर्चा गर्न सकिन्छः–

१. **म्याग्नाकार्टा (Magna Carta) १२१४:** पश्चिमी राजनीतिक दर्शनको सन्दर्भमा हेर्दा परम्परागत ग्रिक दर्शनले नागरिक समाजको संरचनामा व्यक्तिको भूमिकालाई वा व्यक्तिको परीक्षणलाई जोड दियो । फलतः "मानिसका अधिकारहरू" सम्बन्धमा पश्चिमको ऐतिहासिक काल भरिनै वहस हुन थाले । प्लेटो र सोक्रेटशको कालमा पनि यो विवाद प्राकृतिक कानून र आदर्शवादसँग जोडिन पुग्यो । यी विचारहरूका आधारमा पछि आएर राजा र शासकहरूबाट जारी गरिएका कानून एवम् नियमहरू (सकारात्मक कानून) को यथार्थ संसार भन्दा माथि केही शास्वत प्राकृतिक कानून छन् जसको संरक्षण पाउने अधिकार सबै मानवले राख्दछन् र त्यसबाट नै सबै शासकहरूको मूल्यांकन हुन्छ भन्ने तर्क गर्न थालियो । त्यसै गरी राज्यको उत्पत्ति पछि आफ्नो स्वार्थ सिद्ध गर्नका लागि शासकहरूले जनताका अधिकारहरूलाई कुनै न कुनै रूपमा अपहरण गर्ने प्रयत्न गर्न थाले । फलस्वरूप पछिका शताब्दीहरूमा आएर राजाको विशेषाधिकार र जनताका अधिकारहरू बीचको द्वन्दले मौलिक नागरिक अधिकारको विकास तर्फ डोऱ्यायो । उदाहरणको लागि बेलायतमा यी अधिकारहरू सर्वप्रथम १२१५ मा म्याग्ना कार्टा (Magna Carta) एवम् कानूनको उचीत प्रयोगको कमन ल को सिद्धान्त र बन्दी प्रत्यक्षीकरणको रिटबाट संरक्षण गरिएको थियो । १२१५ मा राजाद्वारा हस्ताक्षर गरिएको सो म्याग्नाकार्टामा स्वीकार गरिएका मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू मूलतः देहायका सिद्धान्तहरूमा आधारित थिएः–

क) ऐन बनाउने अधिकार संसदलाई मात्र हुनुपर्ने ।
ख) संसदको अधिवेशन नियमित रूपमा बोलाउनु पर्ने ।
ग) संसदको स्वीकृति बिना राजाले कुनै कर लगाउन नपाउने
घ) कानूनको सर्वोच्चता हुनुपर्ने ।
ङ) स्वतन्त्र न्याय व्यवस्था हुनुपर्ने ।
च) कुनै पनि व्यक्तिलाई कानून बमोजिम बाहेक थुनामा राख्न नपाइने आदि ।

२. **अधिकार पत्र, १६२८ (Petition of Rights, 1628):** १७ औं शताब्दीको सुरूमा बेलायती जनताहरू आफ्नो अधिकारको रक्षार्थ आन्दोलित भैरहेको फलस्वरूप यो अधिकारपत्र (Petion of Right, 1628) जारी भएको थियो । यस अधिकारपत्रले मुख्यतः राजाले संसदको सहमति बेगर कर वा ऋण उठाउन नपाउने, मनोमानी किसिमले गिरफ्तार वा बन्दी बनाउन नपाइने, शान्तिको समयमा सैनिक कानूनको प्रयोग अवैधानिक हुने, नागरिकको व्यक्तिगत घरहरूमा सैनिकको प्रयोग गैरकानूनी हुने जस्ता व्यवस्था गरी व्यक्तिका मौलिक स्वतन्त्रताहरूको संरक्षण गर्ने उद्देश्य राख्न पुग्यो । यस अधिकारपत्रलाई राजामा नीहित सार्वभौम सत्तालाई संसदमा हस्तान्तरण गर्ने पहिलो कदम भन्ने गरिएको छ ।

३. **बन्दी प्रत्यक्षीकरण ऐन, १६४० र १६४९:** बेलायती इतिहासमा व्यक्तिका मौलिक स्वतन्त्रताहरूको संरक्षण गर्ने सिलसिलामा सन् १६४० र १६४९ का बन्दी प्रत्यक्षीकरण ऐनहरु (Haberas Corpus Act,

1640 and 1649) को पनि महत्त्वपूर्ण भूमिका छ । बन्दी प्रत्यक्षीकरण Habeas Corpus (have the body before the court) एक विशेषाधिकार सम्पन्न रीट हो । संस्दबाट सन् १६४० मा जारी गरिएको सो बन्दी प्रत्यक्षीकरण ऐनको फलस्वरूप वैयक्तिक स्वतन्त्रताको अपहरण गरिएका नागरिकहरूले अदालती उपचार पाउन सक्ने भए । सो ऐनमा अन्य कुराका अतिरिक्त (क) कुनै पनि व्यक्तिलाई कानून विपरित थुनामा राख्न नपाइने, (ख) कुनै पनि व्यक्तिलाई संसदको स्वीकृति बिना कर तिर्न बाध्य नगरिने, (ग) राजाले आफ्नो इच्छानुसार जमानतको रकम तोक्न नपाउने कुरा उल्लेख छ । यस ऐनले कुनै पनि व्यक्तिलाई कानून बमोजिम बाहेक थुनामा राख्न नपाउने गरी व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्न महत्त्वपूर्ण योगदान दिएको थियो ।

४. **विल अफ राईट्स (Bill of Rights) १६८९:** सन् १६८८ को गौरवमय क्रान्तीले राजा र संसद बीचको करीव एक सय वर्षको द्वन्दलाई रक्तविहिन तरिकाले समाप्त गरको थियो । सोको फलस्वरूप राजको अधिकार तोक्ने एउटा दस्तावेज जारी भयो, जसलाई Bill of Rights भनियो, यो राजा र जनताका प्रतिनिधि बीच भएको एक प्रकारको सामाजिक सम्झौता थियो । वैयक्तिक स्वतन्त्रताका कट्टर पक्षपाती Jonn Locke का विचारधाराहरूलाई समेत समावेश गरी तयार पारिएको सो Bill of Rights मा राजाका दैनिक अधिकारको सट्टा जनताको सार्वभौम अधिकारको उल्लेख गरिएको थियो । सो अवधिमा अन्य कुराका अतिरिक्त कानूनको अगाडि समानता, संसदबाट पारित कानूनको सर्वोच्चता, संसदको स्वीकृति बिना कर उठाउन नपाउने, कुनै पनि व्यक्तिलाई क्रुर र निर्दयतापूर्ण यातना दिन नहुने, व्यक्तिलाई सम्पत्ति सम्बन्धी स्वतन्त्रता हुने आदि कुराहरू उल्लेख गरिएकोबाट यसलाई दोस्रो म्याग्नजाकार्टा पनि भनिन्छ ।

५. **अमेरिकी स्वतन्त्रताको घोषणा, १७७६:** अमेरिकी घोषणापत्रमा स्पष्ट रूपमा भनिएको छ कि हामी आत्मसात गरेर यो कुरा भन्छौं कि सबै मानिस समान रूपमा जन्मेका हुन्छन् । उनीहरूलाई श्रृष्टिबाट नै केही उल्लखनीय निश्चित अधिकारहरू प्रदान गरिएको हुन्छ । त्यसमा जीवन स्वतन्त्रता र आनन्दको खोजी जस्ता अधिकारहरू पर्दछन् । …………"we take these truths to be self-evident that all men are created equal, and that they are endowed by their creator with certain unalienable rights, that among these are life, liberty and the pursuit of happiness." साथै सो घोषणामा पनि कुनै सरकारले जनताका मौलिक हकाधिकारको अपहरण गर्छ भने त्यस्तो सरकारलाई परिवर्तन गर्ने अधिकार पनि जनतामा निहित हुन्छ भनिएको छ । जीवनको स्वतन्त्रता, कानूनको अगाडि समानता, सम्पत्ति सम्बन्धी स्वतन्त्रता, कानूनको पश्चातदर्शी प्रभाव विरुद्धको अधिकार, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, गैरकानूनी थुना विरुद्धको अधिकार आदि अधिकारहरू पनि सो घोषणामा उल्लेख गरिएका थिए ।

६. **मानव अधिकारको फ्रान्सेली घोषणापत्र, १७८९:** विश्वामा देखापरेको मानव अधिकार प्रतिको जनचेतनाको उर्लंदो लहरको फलस्वरूप स्वतन्त्रता र आत्मनिर्णयको अधिकार छ भन्ने धारणाको विकास भैसकेको थियो । सन् १७८९ मा जारी भएको मानव अधिकारको प्रतिविम्बित गरिएको थियो । फ्रान्सेली घोषणापत्रको धारा १ मा "……………. all men are born and remain free, and have equal rights." भनी उद्घोषण गरिउकोबाट सो कुराको पुष्टि हुन्छ ।

यस घोषणापत्रमा नागरिक तथा राजनीतिक दुवै किसिमका अधिकारहरूको उल्लेख गरिएको पाईन्छ । वैयक्तिक स्वतन्त्रताको हक, कानूनको अगाडि समानताको हक, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, सम्पत्तिको हक, कानून विपरित थुनामा राख्न नपाइने, निर्दोषिताको अनुमान, कानूनको अतित प्रभावी असर विरुद्धको हक जस्ता मानव अधिकारका भौतिक कुराहरू सो

घोषणापत्रमा उल्लेख गरिएकोबाट सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा स्वीकृत अधिकारहरू प्रारूप यस घोषणापत्रमा गरिएको थियो भन्नमा अत्युक्ति नहोला ।

७. **१८१५ को भियना सम्मेलन (Vienna Congress of 1815):** नेपोलियन वोनापट वाटर लु युद्धमा पराजित भएपछि युरोपको इतिहासमा पुनः शक्ति सन्तुलनको स्थिति बिग्रन पुगेको फलस्वरूप युरोपमा स्थायी रूपमा युद्धको अन्त्य गरी व्यापक जनहत्या रोक्न र अन्तर्राष्ट्रिय कानूनका केही नियमहरू प्रतिपादन गर्ने उद्देश्यले सेप्टेम्र १८१४ देखि जुन १८१५ सम्म अष्ट्रेलिया, फ्रान्स, ब्रिटेन, पोर्तुगल, पर्सिया, स्पेन, स्वीडेन एवम् रुसको सहभागिता रहेको थियो । तत्कालिन युरोपमा विद्यमान दास प्रथा तथा दास व्यापारलाई रोक्ने उद्देश्य लिएको उक्त सम्मेलनले दास प्रथा तथा दास व्यापारलाई निषेधित गर्ने प्रयत्न गरेको थियो । समग्रमा भन्ने हो भने १८१५ देखि १८८५ का अवधिमा दास प्रथाको उन्मूलन गर्ने सम्बन्धमा धेरै सन्धिहरू सम्पन्न भएका भए पनि सोको लागि उल्लेख्य कदम चाल्न सफल भएको देखिँदैन । तथापि उक्त सम्मेलन दासता जस्तो अमानवीय व्यवहारको दमनका लागि अन्तर्राष्ट्रिय जगतालाई घचघच्याउन सफल भएको थियो ।

८. **वर्लिन सम्मेलन, १८८५ (Berlin Conference):** सन् १८८५ मा अफ्रिकामा दास प्रथा रोक्ने सम्बन्धमा बर्लिनमा एउटा सम्मेलन भएको थियो । १६ राष्ट्रहरूले भाग लिएको सम्मेलनको मूल उद्देश्य नै अफ्रिकी महादेशमा व्याप्त दास प्रथालाई रोक्नु थियो । सो सम्मेलनका सहभागी राष्ट्रहरूले अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तहरू अनुसार दास प्रथामा रोक लगाउने घोषणा गरको थिए । तिनीहरूले आ-आफ्ना इलाका भित्र दास प्रथा एवम् दास व्यापारलाई प्रतिबन्ध लगाउने प्रतिवद्धता जाहेर गर्दै एउटा सन्धिमा हस्ताक्षर पनि गरका थिए ।

९. **ब्रुसेल्स सम्मेलन (Brussels Cponference) १८९०:** त्यसैगरी दासता र दास व्यापारलाई निषेध गर्ने उद्देश्यले सन् १८९० मा ब्रुसेल्समा एउटा सम्मेलन भएको थियो । यस सम्मेलनको फलस्वरूप १८ राष्ट्रहरूलो दासता विरोधी कानूनमा पनि सहमति जनाउन पुगेका थिए । यस सम्मेलन अघि दासता तथा दास व्यापारको निषेधिकरणका लागि भएका प्रयासहरू त्यति प्रभावकारी हुन नसकेको कुरालाई हृदयङ्गम गरी यस सम्मेलनका सहभागी राष्ट्रहरूले आ-आफ्ना इलाकाभित्र तथा खुला समुद्रमा गरिएको दास व्यापारलाई जुनसुकै रूपमा गरिएको भए पनि अवैधानिक मान्ने र सो सम्बन्धमा कडा कारबाही गर्ने प्रतिबद्धता जाहेर गरे । दासताको उन्मूलन गर्ने अन्तर्राष्ट्रिय प्रयत्नहरूको पृष्ठपोषकको रूपमा यो सम्मेलनको महत्त्वपूर्ण भूमिका रहेको थियो ।

१०. **हेग सम्मेलनहरू १८९९ र १९०७ (Hague Conferences, 1899 and 19076):** उद्योग प्रविधिको क्षेत्रमा दिनानुदिन भैरहेको उन्नतिको कारणले एकातिर राष्ट्रहरू बिच एक आपसमा निर्भरताको स्थिति सिर्जना भै अन्तर्राष्ट्रिय सम्बन्धको पनि विस्तार हुँदै गैरहेको थियो भने अर्कातिर युद्धको सम्भावना पनि त्यत्तिकै प्रबल हुँदै गएको थियो । सम्भावित युद्धको खतराबाट यूरोपेलीहरूलाई जोगाई राख्न तथा त्यस्तो युद्धबाट जनधनमा पर्ने क्षतिबाट मानव अधिकारको हनन् हुन नदिने उद्देश्य लिएर निदरलेण्डसको हेगमा सन् १८९९ र १९०७ मा सम्मेलनहरू भएका थिए । निशस्त्रिकरण तथा अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान जस्ता उद्देश्य लिएर यी सम्मेलनहरूको आयोजना गरिएको थियो । निशस्त्रीकरणको क्षेत्रमा अपेक्षीत सफलता हासिल गर्न नसके पनि अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान गर्ने अवधारणाको विकास गर्न भने यी सम्मेलनहरू कोशे ढुंगाको रूपमा देखापरे । स्थायी मध्यस्थता अदालत **(Permanent Court of Arbitration)** जस्ता निकायको अवधारणा विकास हुन पुग्यो ।

## दोस्रो खण्ड

### १. मानव अधिकार र संयुक्तराष्ट संघ

दोस्रो विश्व युद्ध भन्दा पहिले मानव अधिकारहरु मूलतः राष्ट्रिय सीमानामा सीमित थिए । यी अधिकारहरूको विश्वव्यापकताको अवधारणाले वाञ्छित सफलता पाउन सकेको थिएन । शान्ति सन्धिहरूका पक्ष राष्ट्रहरूका नागरिकहरूलाई मात्र केही मानव अधिकारहरू सुनिश्चित गरिएका थिए । अर्को शब्दमा भन्ने हो भने यस्ता अधिकारहरू श्रमिकको अधिकार, अल्पसंख्यकको अधिकार जस्ता अधिकारहरूका निश्चत वर्ग निश्चित सीमा भित्र संकुचित रूपमा उपलब्ध थिए । दोस्रो विश्व युद्धको समयमा भएको मानव अधिकार एवम् मौलिक स्वतन्त्रताको वलात उल्लंघन एवम् त्रासदीपूर्ण अपहरणका घटनाहरूले मानव अधिकारको संरक्षण वेगर विश्व शान्ति सम्भव नभएको र विश्व शान्तिको संरक्षण बेगर मानव अधिकारको संरक्षण हुन नसक्ने तथ्यलाई विश्व सामु छर्लङ्ग पारे । अर्को शब्दमा भन्ने हो भने दोस्रो विश्व युद्धको त्रासदीले मानव अधिकारको आधुनिक आन्दोलनको जन्म तथा मान्यता सिर्जना गऱ्यो र युद्धोपरान्तको नवीन विश्व क्रममा सो आन्दोलन कोशे ढुङ्गाको रूपमा देखा पऱ्यो अमेरिकी राष्ट्रपति रुजवेल्टको सन् १९४१ का चार स्वतन्त्रता (नामतः वाक स्वतन्त्रता, आस्थाको स्वतन्त्रता, डरबाट स्वतन्त्रता र अभावबाट स्वतन्त्रता) घोषणाले यी अधिकारहरूलाई सर्वव्यापी रूपमा लागू हुने स्तरहरूको रूपमा स्थापित गऱ्यो । जुन सो आन्दोलनको पृष्ठभूमि थियो । साथै द्वितीय विश्व युद्धको समयमै नयाँ र प्रगतिशील अन्तर्राष्ट्रिय कानूनको आवश्यकता महसूस गरिएको थियो । सन् १९४५ मा संयुक्र राष्ट्र संघको स्थापना भएपछि विश्वभरका मानिसको मानव अधिकारको समान संरक्षणको अवधारणाले स्थापित तथ्यको रूप लिन पुग्यो । यसर्थ संयुक्त राष्ट्र संघको बडापत्रलाई विश्व भरका मानिसहरूको मानव अधिकारको संरक्षण्को व्यवस्था गर्न प्रथम अन्तर्राष्ट्रिय दस्तावेजको रूपमा लिइएको पाईन्छ । यसरी हेर्दा, संयुक्त राष्ट्र संघको बडापत्रले मानव अधिकारको अन्तर्राष्ट्रिय सरोकार र प्रतिवद्धको नयाँ युगको थालनी गऱ्यो ।

सो बडापत्रमा निहित व्यवस्थाहरूले सबै जनताका सर्वव्यापी अधिकारमा जोड दिन्छन् न कि राष्ट्र संघको अन्तर्गत कुनै निश्चित समूह जस्तो अल्पसंख्यक वा उपनिवेशका वासिन्दाहरूको अधिकारमा । बडापत्रको व्यवस्थाहरूको फलस्वरूप मानव अधिकारहरूको सर्वव्यापी मूल्य र मान्यताहरू अन्तर्राष्ट्रिय कानून र व्यवहारका विषयवस्तु बन्न पुगे र कुनै पनि राष्ट्रले मानव अधिकारको उल्लंघन वा दुरुपयोगलाई आफ्नो आन्तरिक मामिलाको रूपमा लिन नपाउने भए । संक्षेपमा भन्दा द्वितीय विश्व युद्ध पछि मानव अधिकारको विश्वव्यापी चरित्र स्थापित हुन पुगेको देखिन्छ । संयुक्त राष्ट्र संघको बडापत्रमा मानव अधिकारको विश्वव्यापी चरित्र स्थापित हुन पुगेको देखिन्छ ।

### २. संयुक्त राष्ट्र संघ र यसको बडापत्र

सनफ्रान्सिस्को सम्मेलन (San Francisco Conference) मा २६ जुन १९४५ को दिन हस्ताक्षर गरिएको संयुक्त राष्ट्र संघको बडापत्र २४ अक्टोबर १९४५ देखि लागू भएको थियो ।

संयुक्त राष्ट्र संघको बडापत्र (यसपछि "बडापत्र" भनिएको) प्रस्तावना हेर्दा यसको मौलिक उद्देश्य अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा सुनिश्चित गर्ने देखिन्छ । युद्धको विभिषिकाबाट भावी सन्ततिलाई बचाउने (....... to save the succeeding generation from the scorage of war) भनी

प्रस्तावनाको प्रारम्भमै उद्घोषण गरिएको छ तापनि “मानव अधिकारको सर्वव्यापी संरक्षण र सम्बर्द्धनलाई” नयाँ संयुक्त राष्ट्र संघको प्रणालीको एउटा केन्द्रविन्दुको रूपमा लिइएको छ । वास्तवमा विश्व शान्ति र मानव अधिकारको विश्ववयापी संरक्षण एक सिक्काका दुई पहलु भएको हुँदा मानव अधिकारका सम्बन्धमा बडापत्रमा विभिन्न महत्त्वपूर्ण (Key) व्यवस्थाहरू गरिएको पाईन्छ । यी व्यवस्थाहरूले वास्तवमा मानव अधिकरको आधुनिक कानून र व्यवहारको आधार सिर्जना गरेका छन् । यी व्यवस्थाहरू मध्ये बडापत्रका धारा १, ८, १३, ५५, ५६, ६२ र ६८ मा गरिएका व्यवस्थाहरू उल्लेख्य छन् ।

बडापत्रको धारा १ मा संयुक्त राष्ट्र संघका उद्देश्यहरू मध्ये जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नराखी सबैका निमित्त मौलिक हक एवम् मानव अधिकारहरूप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्नु पनि एक उद्देश्य रहेको छ । यो उद्देश्यको प्राप्तीका लागि आवश्यक कार्य गर्ने जिम्मा संयुक्त राष्ट्र संघका प्रमुख अङ्गहरूलाई दिईएको छ । ती मध्ये महासभा तथा आर्थिक तथा सामाजिक परिषद् मुख्य छन् ।

बडापत्रको धारा ८ ले संयुक्त राष्ट्र संघले आफ्ना प्रमुख तथा सहायक अङ्गहरूमा समानताका शर्तमा तथा कुनै पनि हैसियतमा भाग लिन लोग्ने मानिस तथा स्वास्नीमानिस रोज्ने काममा बाधा नगर्ने व्यवस्था गरी पुरुष तथा महिला बीचको भेदभावलाई निरुत्साहित गरेको छ । त्यस्तै धारा १३ को साधारण सभाका उत्तरदायित्व, कार्य तथा अधिकारहरू मध्ये आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र स्वास्थ्य सम्बन्धी क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग बढाउने तथा जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नगरीकन सबैलाई मानव अधिकार र मौलिक स्वतन्त्रता प्राप्त गराउन सहयोग गर्ने पनि एक कार्यको रूपमा व्यवस्था गर्दछ । धारा ५५ ले संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय सहयोगको उद्देश्य मध्ये जाति, लिङ्ग, भाषा वा धर्ममा भेदभाव नगरी सबैका निमित्त मानव अधिकार र मौलिक स्वतन्त्रताका लागि विश्वव्यापी सम्मान तथा तिनको पालना (universal respect for/and observance of human rights and fundamental freedoms for all without discrimination as to race, sex, languag or religion) पनि एक भएको व्यवस्था गरेको छ । त्यस्तै धारा ५६ मा धारा ५५ मा उल्लिखित उद्देश्यको सफलताका लागि सबै सदस्य संघलाई सहयोग गरी संयुक्त र पृथक कदमहरू उठाउने संयुक्त राष्ट्र संघका सदस्यहरूको प्रतिज्ञा उल्लेख गरिएको छ ।

धारा ६२ ले आर्थिक तथा सामाजिक परिषद्ले सबैका निमित्त मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान र पालनामा अभिवृद्धि गर्ने प्रयोजनका लागि सिफारिश गर्न सक्ने व्यवस्था गर्छ भने धारा ६८ ले सो परिषद्ले आर्थिक र सामाजिक क्षेत्रहरूमा तथा मानव अधिकारको अभिवृद्धिका लागि आयोग एवम् आफ्नो काम गर्नको निमित्र चाहिए जति अरू आयोग पनि स्थापित गर्न सक्ने गरी सो परिषद् अख्तियारी दिएको छ ।

बडापत्रमा उपर्युक्त व्यवस्थाहरू पहिलो दृष्टिमा निकै साधारण जस्तो देखिन सक्छन् । तर यथार्थमा यी व्यवस्थाहरूले मानव अधिकारको क्षेत्रमा विस्तृत तथा सु-स्थापित आधार सिर्जना गरिदिएका छन् । यी व्यवस्थाहरू प्रारम्भिक एवम् सैद्धान्तिक प्रकृतिका पनि छन् । यद्यपि बडापत्रमा मानव अधिकारहरूको परिभाषा गरिएको छैन र मानव अधिकारको उल्लंघनमा के कस्ता कदमहरू चाल्न सकिन्छ भन्ने सम्बन्धमा स्पष्ट उल्लेख छैन तापनि यी व्यवस्थाहरूले मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न सबै राष्ट्रहरूलाई बाध्य तुल्याएको छ । साथै बडापत्रका यी व्यवस्थाहरूलाई बडापत्र लागू भएपछिका राज्य व्यवहारको परिप्रेक्ष्यमा व्याख्या गरिनु वाञ्छनीय छ । अथवा यी व्यवस्थाहरूको पूर्ण क्षेत्र तथा यथार्थ अर्थ मानव अधिकार सम्बन्धी कार्य गर्ने संयुक्त राष्ट्र संघीय मञ्चहरूमा सन् १९४६ पछि भए गरेका व्यवहारहरूबाट पूर्ण रूपमा निर्क्योल गर्नु पर्ने हुन्छ । वर्तमान संयक्त राष्ट्र संघीय मानव अधिकार प्रणालीको तालिका परिशिष्ट-१ मा दिईएको छ ।

## ३. मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरू

### १. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८:

१० डिसेम्बरको दिनलाई प्रत्येक वर्ष विश्व मानव अधिकार दिवसको रूपमा मनाइन्छ । उक्त दिनमा संयुक्त राष्ट्र संघको महासभाले मानव अधिकार आयोगद्वारा तयार पारिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई स्विकृति प्रदान गरेको थियो । जसमा ३० वटा धाराहरू छन् । जसमध्ये १-२१ सम्म नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी र २२-२९ सम्म आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी कुराहरू उल्लेखित छन् ।

### २. नागरिक तथा राजनैतिक अधिकार (अनुबन्ध १९६६) के हो ?

संयुक्त राष्ट्र संघको महासभाले सदस्य राष्ट्रहरूद्वारा मानव अधिकारको वहाली र सोही मापदण्ड अनुसारको कानूनको निर्माण गरियोस् भन्ने उद्देश्यले अनुबन्ध र संविदाहरूको विकाश गर्दछ ।

११ डिसेम्बर १९६६ को संयुक्त राष्ट्रसंघको साधारण सभामा नागरिक तथा राजनैतिक अधिकारका अन्तराष्ट्रिय अनुवन्ध सम्बन्धमा निर्णय गरी राज्यहरूलाई हस्ताक्षर र अनुमोदनका लागि खुला गरिएको छ । उक्त अनुबन्ध मार्फत राज्यहरूले मानव अधिकार सम्बन्धी विश्वब्यापी घोषणा पत्र अनुरूप आफ्ना नागरिकहरूलाई नागरिक तथा राजनैतिक अधिकारहरूको उपभोग गर्न सक्ने परिस्थितिहरू सिर्जना गर्नु पर्छ । यसलाई श्री ५ को सरकारले १४ मे १९९१ मा हस्ताक्षर गरिसकेको छ ।

### इच्छाधिन उपलेख (Optional Protocal) के हो ?

अभिसन्धिहरू कार्यान्वयन गराउने क्रममा देखिएका त्रुटी र कमजोरीहरूलाई पुनः अभिसन्धिको अंगको रूपमा समावेश गराउनको लागि उपलेखहरू निर्माण गरिन्छ । सोही अनुसार ऐच्छिक उपलेखहरूका निर्माण भएका छन् ।

### नागरिक तथा राजनैतिक अधिकार ऐच्छिक उपलेख:

१६ डिसेम्बर १९६६ को संयुक्तराष्ट्रसंघको साधारण सभाले नागरिक तथा राजनैतिक अधिकारको अन्तरराष्ट्रिय अनुबन्धको थप इच्छाधिन उपलेख (Optional Protocal) लाई अघि सार्‍यो । यो उपलेख व्यक्तिगत आधारमा दिइने उजुरीसँग सम्बन्धित छ । नागरिक तथा राजनैतिक अधिकारको अनुबन्ध १९६६ मा व्यक्तिलाई उजुरी गर्न पाउने अधिकारको बारेमा उल्लेख गरिएको छैन तर सोही दिन अर्को ऐच्छिक उपलेखको निर्माण गरियो जसमा व्यक्तिलाई उजुरी दिन सक्ने अधिकारको व्यवस्था गरिएको छ र नेपालले १४ मे, १९९१ मा यसलाई हस्ताक्षर गरिसकेको छ ।

यसैगरी सन् १९६६ देखि राजनैनिक तथा नागरिक अधिकारो अन्तराष्ट्रिय अनुबन्धको दोस्रो इच्छाधिन उपलेख (Second Optional Protocal) ले जन्म लिएको छ । यो उपलेख विश्वव्यापी मृत्युदण्ड उन्मुलनका लागि केन्द्रित छ र नेपालले हालसम्म पनि हस्ताक्षर गरेको छैन ।

## ३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तराष्ट्रिय अनुबन्ध १९६६

संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा १६ डिसेम्बर १९६६ मा निर्णय गरी राज्यहरूलाई हस्ताक्षर र अनुमोदनको लागि खुला गरिएको अर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू बारे अन्तर्राष्ट्रिय अनुबन्धले संयुक्त राष्ट्र संघको बडापत्र (Charter) अन्तर्गत मानव अधिकार र स्वतन्त्रताको विश्वव्यापी सम्मान र पालनालाई प्रबर्धन गर्नु राज्यहरूको कर्तव्य हो भन्ने धारणा अघि सारेको छ । प्रत्येक नागरिकले उसका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग गर्न

पाउने परिस्थितिहरू सिर्जना गर्न सकियो भने मात्र विश्व मानव अधिकारको घोषणा अनुसार डर र अभावबाट मुक्त भई स्वाधिन मानवहरूको आदर्श प्राप्त गर्न सकिन्छ भन्ने सत्यलाई स्विकार गरी राज्यहरू समाजमा आर्थिक सामाजिक र सांस्कृतिक अधिकार समाजमा प्रत्याभूती गर्न अनुबन्धका धाराहरू पारित गर्न सहमत भएका हुन्छन् ।

## ४. बाल अधिकारको अन्तर्राष्ट्रिय अभिसन्धि १९८९:

**पृष्ठभूमी**

२५ जुन १९९३ मा सम्पन्न भियना विश्व सम्मेलनले भियना घोषणापत्रमा बाल अधिकार सम्बन्धमा निम्न राज्य पक्ष सचेत हुनु पर्ने कुरालाई अघि सारको छ । जस अनुसार राज्य पक्षले बालिका शिशु हत्या, बालश्रम, बाल वेश्यावृत्ति, बालबालिकाको यौन दुरुपयोग, निरक्षरतामा कमी, बाल मृत्युदर कम गर्न, कुपोषण हटाउनको साथै हाल राज्यमा भएका ती सम्पूर्ण नियम र कानूनहरू रद्ध गरिनु पर्दछ र रिती रिवाजहरूलाई हटाउनु पर्दछ जसको प्रयोगले बालबालिका विरुद्ध भेदभाव गर्दछ र उनीहरूको हितमा आघात पुऱ्याउँछ ।

कुनै पनि राष्ट्रका बालबालिका भनेका त्यस राष्ट्रका अमूल्य सम्पदाहरू र भविष्यका निर्माताहरू हुन् । संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको माध्यमबाट बाल्य अवस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नुपर्ने कुरालाई सुनिश्चित गरको छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघ महासभाद्वारा पारित बाल अधिकार अभिसन्धिले बालबालिकालाई समाजमा एउटा व्यक्तिगत लालनपालन गर्नुपर्ने कुरालाई ध्यानमा राख्दै अभिसन्धिमा हस्ताक्षर गर्ने राज्य पक्षहरूले विशेषत: निम्न कुराहरू प्रत्याभूती गर्न सहमति जनाएका छन् :

१) बालबालिकालाई तिनीहरूको परिवारका साथ रहेन र परिवामा आमा बाबु नभए जसले राम्रो हेरचाह गर्छ उसैसँग बस्ने अधिकार छ ।

२) बालबालिकालाई पर्याप्त आहार तथा सफा पानी पिउन पाउने अधिकार छ ।

३) बालबालिकालाई निश्चित जीवन स्तरको अधिकार छ ।

४) बालबालिकालाई हरेचाह र स्वास्थ्य उपचारको अधिकार छ ।

५) अपाङ्ग बालबालिकालाई विशेष हेरचाह र प्रशिक्षण्को अधिकार छ ।

६) बालबालिकालाई नि:शुल्क शिक्षाको अधिकार छ ।

७) बालबालिकालाई सुरक्षासँग राखिनु पर्ने, आघात नपुऱ्याइने र हेलचेक्र्याँईमा नपारिने अधिकार छ ।

८) बालबालिकालाई कुनै पनि हालतमा सस्तो कामदार र सैनिकको रूपमा प्रयोग गरिने छैन ।

९) हरेक बालवालिकालाई आफ्नो भाषामा बोल्न र आफ्नो धर्म र संस्कृति मान्न पाउने अधिकार छ ।

१०) बालबालिकालाई आफ्नो अभिव्यक्त गर्ने स्वतन्त्रता र विचार प्रकट गर्न, सामुहिक रूपमा भेला हुने अधिकार छ ।

## ५. भियना घोषाणापत्र:

२५ जुन १९९३ मा सम्पन्न भियना विश्व सम्मेलनले जारी गरेको घोषणापत्रमा विश्वका सरकारहरू मानव अधिकार शिक्षालाई लागू गर्ने कुरामा सहमत भएका छन् । घोषणा पत्रले यो मान्यतालाई अघि सारेको छ कि मानव अधिकार मानव हित सम्बन्धी कानूनहरू औपचारिक तथा अनौपचारिक ढाँचा अन्तर्गत सबै शैक्षिक संस्थाहरूका पाठ्यक्रममा समावेश गरियोस् । मानव अधिकार शिक्षा सम्बन्धमा लेखपत्रहरूमा उल्लेख भए बमोजिम शान्ति, प्रजातन्त्र, विकाश तथा

सामाजिक न्याय आदि समावेश हुनु पर्दछ जसले गर्दा मानव अधिकार प्रति अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई बलियो पार्न, समझदारी तथा जानकारी हासिल गर्न सकियोस् । भियना विश्व सम्मेलनले महिलाहरूको मानव अधिकार सम्बन्धमा विशेष सिफारीस गर्दछ कि राष्ट्रहरूले महिलाहरूको मानव अधिकार सम्बन्धी आवश्यकता उपर खास तवरले ध्यान दिई, अत्यन्तै व्यापक मानव अधिकार सम्बन्धी शिक्षा तथा सार्वजनिक सूचनाहरूको प्रवाहलाई सुनिश्चित गर्न विशेष कार्यक्रम तथा रणनीतिहरूको विकाश गरोस् ।

भियाना घोषणापत्र २५ जुन १९९३ मार्फत सरकारहरूले गरेका छन् कि मानव अधिकार आज सबै मासिनहरूको लागि अत्यन्तै आवश्यक तथा अनिवार्य ध्यान दिनुपर्ने विषय भएको छ साथै सरकारहरूले समर्थन गरेका छन् कि मानव अधिकार अन्तर्राष्ट्रिय समुदायको न्याय संगत चासोको विषय हो । मानव अधिकार विश्वब्यापी छ– अविभाज्य छ र अन्तरनिर्भर छ यसमाथि कुनै पनि हालतमा प्रश्न चिन्ह लगाउनु हुँदैन ।

**६. महिलाहरूको अधिकार विषयक अभिसन्धि**

**(महिलाहरू विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन विषयक अभिसन्धि १९७९, Convention on the elimination of all firms of discrimination against women):**

संयुक्त राष्ट्र संघको महासभाद्वारा सन् १९७९ मा महिलाहरू विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन विषयको महासन्धिमा छलफल भई सबै राष्ट्रले हस्ताक्षर हुने गरी पास भयो । यो महासन्धि महिला आन्दोलन अभियानको ज्यादै महत्त्वपूर्ण उपलब्धी हो । सन्धि अनुमोदनका यतिका वर्ष बितिसक्दा पनि यसका कार्यान्वयन पक्षलाई हेर्ने हो भने संसार आज धेरै पछाडी नै रहेको छ । यस सन्धिमा जम्मा ३० धाराहरूमा महिलाहरूको हक हित र विकाशको लागि व्यापक अधिकारको व्यवस्था गरेको छ । नेपाल सरकारले सन् १९९१, २ अप्रिलमा यस सन्धि माथि प्रतिबद्धता जनाउँदै हसताक्षर गर्‍यो । कुनै सरकारले अन्तर्राष्ट्रिय सन्धिले नै पाउँदछ । तर यसका अलावा हस्ताक्षर गरेको यतिका वर्ष बितिसके पनि नेपालको मुलुकी ऐनको केही महलहरू महासन्धिको प्रतिकूल छन् । जस्तो अंश बण्डाको महल, स्त्रीधनको महल । लोग्ने स्वास्नीको महल र अपुतालीको महल आदि । यस्तो ऐन नियम समय नै सुधार गर्नुपर्ने हुन्छ । यो महासन्धिमा महिलालाई पुरुष सरह सबै प्रकारको व्यवस्था गरिएको छ ।

**७. यातना विरुद्धको अभिसन्धि १९८४**

१० डिसेम्बर १९८४ मा संयुक्त राष्ट्र संघको महासभाले निर्णय गरी हस्ताक्षरको लागि खुल्ला गरिएको र २६ जुन १९८४ मा लागू भएको यो सन्धिमा जम्मा ३३ वटा धाराहरू छन् । यो सन्धि सबै सदस्य राष्ट्रहरूलाई अनुमोदनको लागि खुल्ला भएको र नेपाल सरकारले १४ मे १९१९ मा हसताक्षर गरिसकेको छ । नेपालको सन्धि ऐन अनुसार नेपालले अन्तर्राष्ट्रिय माहासन्धिमा हस्ताक्षर गरिसकेपछि यदि नेपालको कानून र अन्तर्राष्ट्रिय सन्धि बाझेमा अन्तर्राष्ट्रिय सन्धिले प्राथमिकता पाउने छ र अन्तर्राष्ट्रिय सन्धि अनुसार देशका घरेलु कानूनहरू पनि संसोधन गर्नु सरकारको दायित्व अर्न्तगत पर्न आउँछ । यसरी अन्तर्राष्ट्रिय सन्धिको पक्ष बनिसकेपछि व्यवहारमा यातना दिन मिल्छ मिल्दैन सोचनिय कुरा भएको छ । यो महासन्धि स.रा. संघको सन् १९४८, १० डिसेम्बरमा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ लाई आधार मानी बनाइएको हो । उक्त धारामा कुनै पनि व्यक्तिलाई शारीरिक र मानसिक यातना दिन पाइने छैन भनिएको छ ।

## ८. मृत्युदण्ड उन्मूलन सम्बन्धी स्टकहोम घोषणा पत्र १९७७:

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ मा भनिएको "Every one has the right to life, liberty and security of person" । एम्नेष्टी इन्टरनेशनलले सन् १९७७ को डिसेम्बर ११ तारीखमा स्विडेनको राजधानी स्टक होममा एउटा सम्मेलन गरेको थियो जसले पूर्णरूपमा मृत्युदण्डमा उन्मूलन गर्ने एउटा घोषणा पत्र जारी गरेको थियो । जुन घोषणापत्रले विना सर्त विश्वबाट मृत्युदण्ड उन्मूलन गरिनु पर्ने र त्यसको लागि गैरसरकारी संघ संस्थाहरूलाई व्यापक अभियान चाल्न अनुरोध गरिएको थियो । यसैगरी सन् १९९१ देखि राजनैतिक तथा नागरिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो इच्छाधिन उपलेख (Second Optional Protocol) ले जन्म लिएको छ यो उपलेख विश्वव्यापी मृत्युदण्ड उन्मूलनमा केन्द्रित छ ।

### मृत्युदण्ड उन्मूलन किन ?

मृत्युदण्ड उन्मूलनको लागि सन् १९८८ को स.रा. संघको विश्वव्यापी घोषणापत्रको धारा ३ ले "Every one has the Right to life liberty and Security of Person" हरेक व्यक्तिको बाँच्न पाउने अधिकार छ भनेको छ । यदि कसैलाई जीवन दिन सकिँदैन भने कसैको जविन लिन पनि सकिँदैन । राज्यको काम अपराधीसँग बदला लिनु नभएर अपराधीलाई सुधार्नु हो । मृत्युदण्ड भनेको हिंसा हो र हिंसाले हिंसा जन्माउँछ । "Execution is an act of violence and violence tends to provoke violenc" । वैज्ञानिक अनुसन्धानले के प्रमाणित गरको छ भने जुन मुलुकमा मृत्युदण्डको प्रावधान छ, त्यहाँ यद्यपी अपराध घटेको पाइँदैन ।

### मृत्यदण्ड र नेपाली कानूनः

नेपालको सन्दर्भमा १९३६ सालदेखि कसैलाई पनि व्यवहारमा मृत्युदण्ड दिइएको छैन । नेपालको संविधान २०४७ को धारा १२ को उपधारा १ ले मृत्युडण्ड दिन पाईने गरी कानून बनाईने छैन भनी मृत्युदण्ड उन्मूलन गरेको छ ।

## ९. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५:

विश्वमा जातीय भेदभाव कायमै रहेको हुँदा यस्ता जातीय भेदभाव र यसका सम्पूर्ण तथा प्रकट रूपलाई शीघ्र उन्मूलन गर्न, जातिहरूबीच समझदारी प्रवर्द्धन गर्न, सबै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभावबाट मुक्त अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्न र जातीय सिद्धान्त र व्यवहार रोकथाम गर्ने उद्देश्य लिई संयुक्त राष्ट्र संघीय महासभाले २१ डिसेम्बर १९६५ मा प्रस्ताव नं. २१०६ बाट सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ग्रहण गरिएको थियो । यस महासन्धि अनुसार मानव जाति कानूनका अगाडि समान छन् र कुनै भेदभाव तथा भेदभावका प्रोत्साहनविरुद्ध कानूनका समान संरक्षणका हकदार छन् ।

## तेस्रो खण्ड

### १. नेपालको संविधान र मानवअधिकार:

संविधान देशको मूल कानून हो । संविधानलाई मानिसहरूको हक-अधिकारको संरक्षण गर्ने दस्तावेज पनि भनिन्छ । देशका सम्पूर्ण कानूनहरू संविधान अन्तर्गत बन्ने गर्दछन् । संविधानसँग बाझिने कानून अमान्य हुन्छ । त्यसकारण संविधानले दिएको अधिकारहरूलाई कानूनले काट्न पाउँदैन । हाम्रो देशको संविधानलाई प्रजातान्त्रिक संविधान भनिन्छ । प्रजातान्त्रिक संविधानले नागरिकहरूका आधारभूत मानव अधिकारहरूलाई मौलिक अधिकार अन्तर्गत समेटेको हुन्छ । यस्ता मौलिक अधिकारहरूलाई उल्लंघन भएमा पीडित पक्षले सिधै सर्वोच्च र पुनरावेदन अदालतमा रिट निवेदन हाली त्यस्तो कामलाई शून्य घोषित गराउन सक्छन् । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ मा निम्न बमोजिम मौलिक अधिकारहरूको व्यवस्था गरिएको छ । संविधानले राज्य-संचालनका सिद्धान्तहरूको व्यवस्था गर्ने भएकोले अन्य कानून र नियमहरू संशोधन गर्नेभन्दा भिन्दै प्रकृतिबाट संविधानमा तोकिएबमोजिम मात्र संविधानको संशोधन गरिन्छ ।

**धारा ११– समानताको अधिकार:**

संविधान र कानूनको अगाडि सबै नागरिक बराबर हुन्छन् । जात, जाति, भाषा, धर्म, लिङ्ग आदिको आधारमा कसैलाई पनि भेदभाव गर्न पाईंदैन, तर कतिपय अवस्थामा कानूनद्वारा नै कसै-कसैलाई बढी संरक्षण प्रदान गरिएमा त्यसलाई समानताको सिद्धान्त विपरीत मानिँदैन ।

**धारा १२– स्वतन्त्रताको हक:**

कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुनेछैन र मृत्युदण्ड हुने गरी कानून बनाइने छैन । साथै विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार भेला हुने स्वतन्त्रता संघ संस्था खोल्ने स्वतन्त्रता देशभरी हिँड्डुल र बसोवास गर्ने स्वतन्त्रता, कुनै पनि पेशा रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रतालाई यस संविधानको धारा अन्तर्गत संरक्षण गरिएको छ ।

**धारा १३– छापाखाना र पत्रपत्रिका प्रकाशन गर्ने स्वतन्त्रता:**

कुनै समाचार लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्वप्रतिबन्ध लगाइने छैन । त्यस्ता सामाग्री छापे वापत छापाखाना बन्द वा जफत गरिने छैन, साथै कुनै समाचार-पत्र वा पत्रिकाको दर्ता खारेज गरिने छैन भन्ने स्वतन्त्रताहरूलाई यस धाराअन्तर्गत संरक्षण गरिएको छ ।

**धारा १४– फौजदारी न्यायसम्बन्धी हक:**

यस धाराअन्तर्गत कानूनले तोकिएभन्दा बढी सजायँ नगरिनै अधिकार, आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने अधिकार, यातना विरूद्धको अधिकार, वारेन्टसहित मात्र पक्राउ गर्ने र पक्राउ गरेको २४ घण्टभिमत्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने अधिकार, कानून-व्यवसायीसँग सम्पर्क गर्न पाउने अधिकारजस्ता अधिकारहरूलाई संरक्षण प्रदान गरिएको छ ।

**धारा १५– निवारक नजरबन्द विरूद्धको हक:**

कानून विपरीत कसैलाई पनि निवारक नजरबन्द राख्न पाइने छैन । देशको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र सु-व्यवस्थामा तत्काल खलल पार्ने प्रयास, आधार नभई कसैलाई पनि निवारक नजरबन्द राखिने छैन ।

**धारा १६– सूचनाको हक:**

कानूनले गोप्य राख्नुपर्छ भन्ने सूचना बाहेक प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

**धारा १७– सम्पतिको हक:**

सबै नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पति आर्जन गर्ने, भोग गर्ने, बेच-बिखन गर्ने र सम्पतिको अन्य कारोबार गर्ने अधिकार हुनेछ । साथै सार्वजनिक हितको लागि श्री ५ को सरकारले कसैको जग्गा अधिग्रहण गरेमा त्यसको क्षतिपूर्ति पाउने अधिकारलाई संविधानले संरक्षण प्रदान गरेको छ ।

**धारा १८– संस्कृति तथा शिक्षासम्बन्धी हक:**

नेपाल अधिराज्यभित्र बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुनेछ, साथै प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने र विद्यालय सञ्चालन गर्न पाउने अधिकारलाई यस धारामा संरक्षण गरिएको छ ।

**धारा १९– धर्मसम्बन्धी हक:**

प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चली आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हुनेछ भन्ने व्यवस्था यस धारामा गरिएको छ ।

**धारा २०– शोषण विरूद्धको हक:**

मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमको निजको इच्छा विरूद्ध काममा लगाउन निषेध गरिएको छ ।

**धारा २१– देश निकाला विरूद्धको हक:**

कुनै पनि नागरिकलाई देश निकाला गर्न नपाइने व्यवस्था संविधानको यस धारामा गरिएको छ ।

**धारा २२– गोपनीयताको हक:**

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनले तोकेभन्दा बाहेक अनतिक्रम्य हुनेछ ।

**धारा २३– उपचारको हक:**

माथि विभिन्न धारामा उल्लेख गरिएका मौलिक हकहरूको उल्लंघन भएमा सर्वोच्च वा पुनरावेदन अदालतमा रिट निवेदन दिई त्यस्ता हनन भएका अधिकारहरूको पुनःस्थापना गर्न सकिन्छ ।

माथि उल्लेख गरिएका अधिकारहरू मानिसका व्यक्तिगत जीवनसँग नितान्तरूपमा गाँसिएका हुन्छन् । सम्मानपूर्वक बाँच्न पाउनको लागि यस्ता अधिकारहरूलाई संविधानमा व्यवस्था गरिएको हुन्छ । वास्तवमा मौलिक अधिकारहरू संविधानमा व्यवस्था गरिएका मानव अधिकारहरू हुन् । यस्ता मानव अधिकारहरूको राज्यले संरक्षण र सम्मान गर्नु पर्दछ । यस्ता अधिकारहरूको उल्लंघन गर्ने र नागरिकहरूलाई दुःख दिई असम्मानजनकरूपमा बाँच्न तुल्याउने व्यवस्थालाई अप्रजातान्त्रिक व्यवस्था भनिन्छ ।

## चौथो खण्ड

### १. आधारभूत मानव अधिकारका मापदण्डहरू

मानव अधिकारका आधारभूत मापदण्डहरूका रूपमा मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेख भएका मुख्य कुराहरूलाई मान्नु पर्दछ । त्यसैले यहाँ मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को ३० वटा धारामा प्रत्याभूत गरिएका मानव अधिकार सम्बन्धी व्यवस्थाहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ । अतः तलको कुनै पनि भावना वा अधिकारको प्राप्तिमा बाधा पुगेमा मानव अधिकारको उल्लंघन एवम् हनन् भएको ठहर्दछ ।

१) हरेक व्यक्ति स्वतन्त्र हुन् र सबैलाई समान व्यवहार गरिनेछ ।
२) हरेक व्यक्तिलाई रङ, लिङ्ग, जाती र भाषाको आधारमा भेदभाव गरिने छैन ।
३) हरेक व्यक्तिको बाँच्न पाउने अधिकार छ ।
४) कसैलाई पनि बाधा वा दास बनाउन पाइने छैन ।
५) कसैलाई पनि यातना दिने वा अमानवीय व्यवहार गरिने छैन ।
६) कानूनको प्रयोगमा सबै व्यक्ति समान हुनेछन् ।
७) कानूनको सबै व्यक्तिहरूको लागि बराबर हुनेछ र व्यवहारमा समान प्रयोग हुनेछ ।
८) सबै व्यक्तिलाई योग्य राष्ट्रिय अदालतसम्म पुग्ने अधिकार छ ।
९) कसैलाई पनि मनोमानी ढङ्गबाट देश निष्कासन गरिने छैन ।
१०) सबै व्यक्तिलाई स्वच्छ र निश्पक्ष न्यायको अधिकार हुनेछ ।
११) सबै व्यक्ति अदालतबाट प्रमाणित नहुन्जेल निर्दोष ठहरिने छन् ।
१२) कुनै पनि व्यक्तिको मनोमानी ढङ्गबाट घर, परिवार र पत्र व्यवहार माथि आघात पुऱ्याइने छैन ।
१३) प्रत्येक व्यक्तिलाई देशको सीमा भित्र घुमफिर गर्ने अधिकार छ ।
१४) प्रत्येक व्यक्तिलाई राजनैतिक शरण (अर्को देशमा) माग्ने अधिकार छ ।
१५) प्रत्येक व्यक्तिलाई राष्ट्रको नागरिकता पाउने अधिकार छ ।
१६) हरेक व्यक्तिलाई विवाह गर्ने र परिवार बसाउने अधिकार छ ।
१७) हरेक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर सम्पत्ति आर्जन गर्ने अधिकार छ ।
१८) हरेक व्यक्तिलाई आफूले रोजेको धर्म पालन गर्न पाउने अधिकार छ ।
१९) प्रत्येक व्यक्तिलाई अभिव्यक्ति र प्रकाशनको अधिकार छ ।
२०) हरेक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा, सम्मेलन गर्ने अधिकार छ ।
२१) हरेक व्यक्तिलाई देशको शासनमा भाग लिने अधिकार छ ।
२२) हेरक व्यक्तिलाई सामाजिक सुरक्षा र आफ्नो विकाश गर्ने अधिकार छ ।
२३) हरेक व्यक्तिलाई उपयुक्त ज्यालामा र राम्रो वातावरणमा काम गर्ने साथै ट्रेड युनियन खोल्ने अधिकार छ ।
२४) हरेक व्यक्तिलाई काम पछि आराम गर्ने र विदाको अधिकार छ ।
२५) प्रतयेक व्यक्तिको परिवार कल्याणको लागि स्तरीय जीवनको अधिकार छ ।
२६) हरेक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ ।
२७) हरेक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको साँस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार छ ।
२८) यस घोषणामा उल्लेखित अधिकार प्राप्त गर्न हरेक व्यक्तिलाई अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ ।

२९) हरेक व्यक्तिले अरूको अधिकारको सम्मान गर्नुपर्छ साथै सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

३०) कुनै पनि व्यक्ति र राष्ट्रलाई घोषणापत्रको गलत व्याख्या गर्ने अधिकार छैन ।

## २. कस्तो कार्यबाट मानव अधिकार उल्लंघन हुन्छ ?

### क) आस्थाका बन्दीहरू (Prisonerd of Conscience)

आस्थाका बन्दीहरू ती व्यक्तिहरू हुन् जो आफ्नो राजनैतिक तथा धार्मिक विश्वास, रंग, लिङ्ग, भाषा, जातीय उत्पत्ति आदि कारणले बन्दी बनाइएका हुन्छन् र जसले हिंसात्मक कार्य वा हिंसाको वकालत गरेको हुँदैनन् । विश्वका कुनै पनि देशका नागरिकहरूले अभिव्यक्ति स्वतन्त्रता, भेला हुने, संघ संस्था खोल्ने, आवागमन गर्ने जस्ता अधिकारहरूको शान्तिपूर्वक उपयोग गर्दा मानव अधिकारको विश्वव्यापी घोषणाको विपरित थुनामा राखिन्छ भने त्यस्तो अवस्थामा मानव अधिकारको उल्लंघन भएको हुन्छ ।

### ख) राजनैतिक बन्दीहरूका लागि स्वच्छ कानूनी उपचारको अभावमा (Fair and Prompt Trails for Political Prisoners)

कतिपय देशमा राजनैतिक बन्दीहरूलाई कुनै अभियोग बिना मुद्दाको सुनुवाई नगरिकनै थुनामा राख्ने गरेको पाइन्छ । त्यस्तै राजनैतिक बन्दीहरूलाई बदलाको भावनाले उचित रूपमा मुद्दाको सुनुवाई नगरी विषेश अदालत वा सैनिक अदालतहरूद्वारा गोप्य रूपमा क्षणिक समयमा नै मुद्दाको किनारा लगाई सजाय दिने गरेको पाइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको आधारमा राजनैतिक बन्दीहरूलाई तत्काल संरक्षणको लागि तथा उनीहरूलाई तत्काल अन्तर्राष्ट्रिय मापदण्डमा आधारित खुला, स्वतन्त्र र स्वच्छ कानूनी उपचारको व्यवस्था नभएको अवस्थामा मानव अधिकारको उल्लंघन हुन्छ ।

### ग) यातना (Torture)

विश्वका धेरै भागहरूमा बन्दीहरूलाई आरोप स्वीकार गर्न लगाउनु वा उनीहरूबाट सूचना प्राप्त गर्न यातना दिनु आम परम्परा जस्तै रहेको छ । शरीरका विभिन्न भागहरूमा विशेष गरी पैतालामा बेसरी पिट्नु, चुरोटको ठुटाले पोल्नु, सम्वेदनशील अङ्गमा पीडा दिनु, टाउको पानीमा डुबाउनु, उधोमुण्टो पारी झुण्ड्याउनु, बलात्कार गर्नु, भेट्न नदिनु, सहबन्दीहरूलाई दिएको यातना देखाउनु इत्यादि यातनाका रूपहरू हुन् । यस्ता सबै खाले बर्बर यातना मानव अधिकार उल्लंघन तथा हनन्का कार्य हुन् ।

### घ) मृत्युदण्ड (Death Penalty)

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ ले प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार दिएको छ । मृत्युदण्डलाई आत्म सुरक्षाको अधिकारको विरुद्ध दिइने "क्रूर, बर्बर एवम् अपमानजनक" सजायको रूपमा लिएको हुँदा मृत्युदण्डको उन्मूलन गरिनु गर्दछ ।

संसारका आधा जसो देशहरूमा मृत्युदण्ड उन्मूलन भए पनि झण्डै १०० देशहरूमा मृत्युदण्ड अझै उन्मूलन भएको छेन । गोली हानेर, विद्युत प्रवाहित गरेर, विषालु प्राणघातक सुई दिएर, झुण्ड्याएर, ढुङ्गा हानेर, टाउको उछिट्याएर आदि विभिन्न क्रुर तरिकाहरूद्वारा दिइने गरिन्छ ।

ङ)	**बेपत्ता पारिएका बन्दीहरू (Disapperances):**

धेरै सरकारहरूले राजनैतिक बन्दीहरू बेपत्ता पार्न सुविधाजनक उपायको रूपमा यो प्रक्रिया अपनाएको पाइन्छ । संसारमा नेपाल लगायत १५१ भन्दा बढी देशहरूमा महिला र पुरुषहरू बेपत्ता पारिएका छन् । यसरी सरकारी संलग्नतामा बेपत्ता पारिने कार्यले मानव अधिकारको ठूलो संख्यामा हनन् गरेको छ ।

च)	**राजनैतिक हत्या (Political killings)**

सरकारहरू प्रत्येक नागरिकको जीवन र सुरक्षाको लागि उत्तरदायी हुनुपर्छ । तर प्रत्येक वर्ष हजारौँको संख्यामा राजनैतिक वा अन्य कारणले, सरकारको आदेश वा स्वीकृतिले मान्छेहरू मारिने गरिन्छन् । यसरी हुने राजनैतिक हत्या मानव अधिकार विरोधी कार्य हो ।

छ)	**भेदभाव तथा जातीय भेदभाव**

जातीजाति बिचको भेदभाव, रंग भेद, पेशा पारिश्रमिक तथा रोजगारीमा भेद, महिला तथा असहाय भएका कारणबाट भेद, धर्म तथा आस्थामा आधारित आदि कारणबाट हुने भेदभावहरू मानव अधिकार विरोधी ठकार्य हुन् । अथवा यस्ता आधार तथा क्षेत्रमा कसैले कसै माथि असमान व्यवहार गरेको स्थितिले मानव अधिकार उल्लंघन गरेको ठहर्दछ । यस्तो भेदभाव राज्य, समाज र व्यक्तिद्वारा हुने गर्दछ ।

ज)	**अन्य कारण**

दासत्व, बँधुवा मजदुर, बालश्रमबाट मानव अधिकारको उल्लंघन हुने गर्दछ । वेश्यावृति, चेलीबेटी बेचबिखन, अपाङ्ग तथा असहायहरू प्रतिको दुरग्राह आदि कारणहरूले मानव अधिकारको उल्लंघन गर्दछ ।

अत: उपरोक्त कार्यहरू समाजमा हुन नदिनु नै हाम्रो कर्तव्य र दायित्व हो । त्यसैले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरबाट तोकिएका मानव अधिकार सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन र अधिकारहरूको संरक्षणका लागि प्रत्येक व्यक्तिले आ-आफ्नो स्थानबाट कार्य गरौँ । यदि तपाईंले मानव अधिकार उल्लंघन एवम् हनन् हुने माथिका कुनै पनि अवस्था मध्ये कुनै एउटा अवस्था तपाईंको घर, समाज र राज्यमा देख्नु भयो भने त्यस घटनाका बारेमा तलको कुनै पनि ठेगानामा लेखी पठाउन सक्नु हुने छ । अत: कुनै पनि प्रकारको मानव अधिकार उल्लंघनको घटनाका सम्बन्धमा तलको ठेगानामा जानकारी गराउन नभुल्नु होस् र तपाईंको सहयोगले मानव अधिकार संरक्षणका लागि योगदान दिन सक्नेछ :
कृपया निम्न ठेगानाहरूमा मानव अधिकार उल्लंघनका घटनाहरूको जानकारी गराउन सक्नु हुनेछ ।

**नेपाल भित्र**

१.	मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च
FOHRID (Human Rights And Democratic Forum)
G.P.O. Box 19186, Kathmandu, Nepal
Tel : +977-1-435 3646
Fax : +977-1-435 3646
E-mail : fohrid@wlink.com.np

२.	राष्ट्रिय मानवअधिकार आयोग
हुलाक मञ्जुषा ९१८२, हरिहरभवन, ललितपुर
फोनः ५४७९७४-७६, ५४७९७८ फ्याक्सः ५४७९७३
इ-मेलः nhrc@ntc.net.np

३.	राष्ट्रिय महिला आयोग
हुलाक मञ्जुषा ७१२९
भद्रकालीप्लाजा, सिंहदरबार, काठमाडौँ
फोनः २५६७०१ फ्याक्सः २५६७८३
इ-मेलः nwc@htp.com.np

४.	राष्ट्रिय दलित आयोग
जीतजङ्ग मार्ग– ७२, थापाथली, काठमाडौँ
फोनः २४५९१९ फ्याक्सः २४५३२५

५.	परराष्ट्र तथा मानवअधिकार समिति
संसद सचिवालय, सिंहदरबार, काठमाडौँ
फोनः २५५५३३, २२६०७४ फ्याक्सः २२२५५१

६.	मानव अधिकाचर तथा जनसरोकार समिति
नेपाल बार एशोसिएसन, रामशाहपथ, काठमाडौँ
हुलाक मञ्जुषा ५५०२
फोनः २५४६४७ □याक्सः २६२७५५
सर्वोच्च अदालत भवन, रामशाहपथ, काठमाडौँ
इ-मेलः neba@wlink.com.np

७.	केन्द्रिय महिला कनूनी सहायता समिति
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
हुलाक मञ्जुषा १०७, हनुमानचोक, अनामनगर, काठमाडौँ
फोनः २२२७५३ फ्याक्सः २६२७५५
इ-मेलः cwlac@wlink.com.np

**नेपाल बाहिर**

1.	International Committee of the Red Cross (ICRC)
P.O. Box 21225, Min Bhavan
New Baneshwar, Kathmandu
Tel: 481220, 482285 Fax : 482937

2.	Amnesty International, Ibnternational Secretarit
1 Easton Street, London WCF1X0DW united Kingdom
Tel: 44(20) 7413-5500 Fax : 44(20) 7956-1157

3. Human Rights Watch
350 Fifth Avenue 34th FL. Ndew York, Ny 10118-3299
USA. Tel: (1212) 290-4700 Fax : (1212) 737-1300
E-mail: hrwnyc@hrw.org

4. Asian Human Rights Coimmission (AHRC)
Unit 4, 7 Floor, Mongkok Commercial Centre
17 Argyle Street, Kowloon, Hong Kong
Tel: (852) 2698-6339 Fax: (852) 2698-6367
E-mail: hrsolid@ahrchk.org

सर्न्दभ श्रोतः


१. शिक्षक/शिक्षिकाहरूका लागि मानव अधिकार प्रशिक्षण/कार्यशाला, एम्नेष्टी इन्टरनेश्नल नेपाल,
२. कानून जान्नै पर्ने विषयहरूको निर्देशिका, इन्सेक (४९/१९९७)
३. मानव अधिकार वर्ष १९९८ रा.स. नेपालको अन्तिम प्रतिवेदन– १९९८
४. मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८


–●–